**Roll No.** | | | | | | | |

(Write Roll Number from left side exactly as in the Admit Card)

*Signature of Invigilators*

1. ______________________
2. ______________________

**3018**

**Question Booklet Series** **X**

**PAPER–II**

**Question Booklet No.**

(Identical with OMR Answer Sheet Number)

**Subject Code : 30**

# NEPALI

*Time :* 2 *Hours* *Maximum Marks:* 200

***Instructions for the Candidates***

1. Write your Roll Number in the space provided on the top of this page as well as on the OMR Sheet provided.
2. At the commencement of the examination, the question booklet will be given to you. In the first 5 minutes, you are requested to open the booklet and verify it:
   (i) To have access to the Question Booklet, tear off the paper seal on the edge of this cover page.
   (ii) Faulty booklet, if detected, should be got replaced immediately by a correct booklet from the invigilator within the period of 5 minutes. Afterwards, neither the Question Booklet will be replaced nor any extra time will be given.
   (iii) Verify whether the Question Booklet No. is identical with OMR Answer Sheet No.; if not, the full set is to be replaced.
   (iv) After this verification is over, the Question Booklet Series and Question Booklet Number should be entered on the OMR Sheet.
3. This paper consists of One hundred (100) multiple-choice type questions. All the questions are compulsory. Each question carries *two* marks.
4. Each Question has four alternative responses marked: (A) (B) (C) (D). You have to darken the circle as indicated below on the correct response against each question.

   *Example:* (A) (B) ● (D), where (C) is the correct response.
5. Your responses to the questions are to be indicated correctly in the OMR Sheet. If you mark your response at any place other than in the circle in the OMR Sheet, it will not be evaluated.
6. Rough work is to be done at the end of this booklet.
7. If you write your Name, Roll Number, Phone Number or put any mark on any part of the OMR Sheet, except in the space allotted for the relevant entries, which may disclose your identity, or use abusive language or employ any other unfair means, such as change of response by scratching or using white fluid, you will render yourself liable to disqualification.
8. Do not tamper or fold the OMR Sheet in any way. If you do so, your OMR Sheet will not be evaluated.
9. You have to return the Original OMR Sheet to the invigilator at the end of the examination compulsorily and must not carry it with you outside the Examination Hall. You are, however, allowed to carry question booklet and duplicate copy of OMR Sheet after completion of examination.
10. **Use only Black Ball point pen.**
11. **Use of any calculator or mobile phone etc. is strictly prohibited.**
12. **There are no negative marks for incorrect answers.**

# NEPALI

## Paper II

**1.** भरतको नाट्यशास्त्र अनुसार रूपकका प्रधानतत्त्व कुन कुन हुन्?

(A) आङ्गिक, वाचिक, आहार्य

(B) प्रसङ्ग, द्युति, प्रतिषेध

(C) वस्तु, नेता, रस

(D) आरम्भ, यत्न, प्रकरी

**2.** तलका कुन कुन वाक्यमा भाववाच्यको प्रयोग छ?

(क) मन रमाए हाँसिन्छ, मन दुखे रोइन्छ।

(ख) भरे नाटक हेरिन्छ।

(ग) खाजा खाइहालियो अब जाऔँ।

(घ) हाँसे नासिन्छ, दगुरे लडिन्छ।

(A) (क), (ख)

(B) (ख), (ग)

(C) (ग), (घ)

(D) (क), (घ)

**3.** तलका मध्ये समूहमा अमिल्दो नाम चिह्नित गर्नुहोस्

(A) युगवाणी

(B) गोर्खाली

(C) इन्द्रेणी

(D) उदय

**4.** 'वीरकालीन कविता' शीर्षक ग्रन्थमा 'नयाँ सामाजिक-सांस्कृतिक मानकको खोज' गर्ने कविता भनेर कस्ता कवितालाई सङ्केत गरिएको छ?

(A) मनोरञ्जन र आह्लादकेन्द्री

(B) वंशावली र राजाको विजय अभियान सम्बन्धी

(C) देवस्तुतिमूलक

(D) वीरस्तुतिमूलक

**5.** उपमानभन्दा उपमेयका गुणादिको अधिक बयान भएमा कुन अलङ्कार हुन्छ?

(A) आक्षेप

(B) व्यतिरेक

(C) रूपक

(D) व्याजस्तुति

**6.** ''छोरो भयो अल्छी बुहारीको तर्को
सासू र बुहारीको मिल्दैन झर्को।।
सासू भन्ने बुहारी, बुहारी भन्ने जिउ
सिङमाङमा राखेको कल्ले खायो घिउ।।''

'बुइँगल' मा सङ्कलित उपर्युक्त कविताका रचयिता को हुन्?

(A) अमृत सिजापति

(B) विष्णुधर गोतामे

(C) तीर्थप्रसाद आचार्य

(D) कालिदास पराजुली

**7.** बाल भाषिकालाई कस्तो भाषिका समूहमा राखिन्छ?

(A) व्यक्ति भाषिका

(B) प्रयोजनपरक भाषिका

(C) सामाजिक भाषिका

(D) भौगोलिक भाषिका

**8.** सानु लामाका निम्नलिखित कृतिहरूको प्रकाशनको कालक्रम चिह्नित गर्नुहोस्:

(i) मृगतृष्णा

(ii) हिमालचुलीमन्तिर

(iii) कथासम्पद्

(iv) आँगन परतिर

| | | | | |
|---|---|---|---|---|
| (A) | (i) | (iv) | (iii) | (ii) |
| (B) | (iii) | (i) | (iv) | (ii) |
| (C) | (i) | (iii) | (iv) | (ii) |
| (D) | (iii) | (i) | (ii) | (iv) |

**9.** जहाँ विशेषद्वारा सामान्यको अनि सामान्यद्वारा विशेषको समर्थन गरिएको हुन्छ त्यसबाट कुन अलङ्कार बन्दछ?

(A) विरोध

(B) अर्थान्तरन्यास

(C) विशेषोक्ति

(D) आक्षेप

**10.** ''पानीको छायाँ हेर रानी!
पश्रमु राजा देखेकी देखेनन्?''

उपर्युल्लिखित गीतको अंशमा उल्लिखित 'रानी' को नाउँ के हो?

(A) हैमती

(B) हेलम्बो

(C) अम्बावती

(D) सुम्निमा

**11.** तलका उपन्यास र उपन्यासकारको सही क्रम चिह्नित गर्नुहोस्:

| *उपन्यास* | *उपन्यासकार* |
|---|---|
| (a) वीर सन्तति, बहादुर चरित्र | (i) हृदयचन्द्रसिंह प्रधान |
| (b) प्रायश्चित्त, चप्पाकाजी | (ii) डायमन्ड शमसेर राणा |
| (c) अनीता, बसन्ती | (iii) रूद्रराज पाण्डे |
| (d) एक चिहान, स्वास्नी मान्छे | (iv) गिरीशवल्लभ जोशी |

| | (a) | (b) | (c) | (d) |
|---|---|---|---|---|
| (A) | (iv) | (iii) | (ii) | (i) |
| (B) | (ii) | (i) | (iv) | (iii) |
| (C) | (iii) | (iv) | (i) | (ii) |
| (D) | (iv) | (i) | (ii) | (iii) |

**12.** वि सं 2036 मा निर्मित नेपाली चलचित्र 'सिन्दूर' कुन उपन्यासकारका कृतिमा आधारित छ?

(A) ध्रुवचन्द्र गौतम

(B) केशवराज पिँडाली

(C) विजय मल्ल

(D) दौलतविक्रम विष्ट

**13.** पश्चिम बङ्गालको डुवर्स क्षेत्रमा छायाङ्कन गरिएको नेपाली चलचित्र 'सम्झना' का निर्देशक को हुन्?

(A) बन्नी प्रधान

(B) शम्भु प्रधान

(C) तुलसी घिमिरे

(D) अशोक शर्मा

**14.** ''तानसेन खस्यौली, जीवन धानेर कति बस्यौली''– लोकगीतको यस पङ्क्तिमा रहेको 'खस्यौली' बाट के अर्थ बुझिन्छ?

(A) नेपालको तानसेन क्षेत्रमा बसोवास गर्ने खस जातिका स्त्रीहरू।

(B) डाँडा–खोला पार गरेर तानसेन नामक स्थानमा आउनू है भन्ने सङ्केत।

(C) प्रसिद्ध प्राचीन सङ्गीतकार तानसेनले बजाउने एउटा तारबाजा।

(D) तानसेन क्षेत्रको एउटा बजार।

**15.** पश्रामु राजा र अम्बावती रानी कुन नेपाली लोकनृत्य वा लोक नाटकका मूल पात्र-पात्रा हुन्?

(A) नचरी

(B) सोरठी

(C) घाटु

(D) कर्खा

**16.** केशवराज पिँडालीको 'अन्त्यदेखि सुरु' उपन्यासमा आधारित नेपाली चलचित्रको नाउँ के हो?

(A) मनको बाँध

(B) बाँसुरी

(C) सिन्दूर

(D) जीवन रेखा

**17.** वि सं 2052 मा बनिएको नेपाली चलचित्र 'आदिकवि भानुभक्त' का निर्देशक को हुन्?

(A) प्रदीप रिमाल

(B) यादव खरेल

(C) नीर शाह

(D) चेतन कार्की

**18.** प्रकृतवादको एउटा सैद्धान्तिक आधारका रूपमा यीमध्ये कुन रहेको छ?

(A) डार्विनको विकासवाद तथा जीववैज्ञानिक र भौतिकीय मान्यता

(B) आध्यात्मिक, धार्मिक र नैतिक मूल्यका पोषक तत्त्व

(C) प्लेटोको प्रत्ययवादी दर्शन

(D) साहित्यबारे ह्युगो बलका मुक्त विचार

**19.** शोधविधि र शोध-सिद्धान्तमाझ के भिन्नता छ?

(A) शोधविधिले शोध गर्ने तरिकाको व्याख्या गर्दछ अनि शोध-सिद्धान्त प्रयोग गरेर तथ्याङ्क सङ्ग्रह गरिन्छ।

(B) शोधविधि सैद्धान्तिक ज्ञान हो भने शोधसिद्धान्त चाहिँ व्यावहारिक प्रयोग हो।

(C) शोधविधिलाई नै शोध-सिद्धान्त पनि भनिन्छ।

(D) कुनै विषय विशेषमा शोधकार्य गर्ने तरिका शोधविधि हो भने त्यस्तो तरिकाको मौलिक व्याख्या शोध-सिद्धान्त हो।

**20.** ''चियाबारी कुलैनबारीको यो स्वतन्त्र गाइने/गोठाला खेतालाहरूको यो स्वतन्त्र गायक/थाह नपाई कसरी बाँधियो आफ्नै जीवनको करुण लयभित्र''—यस कवितांशमा उल्लिखित 'गायक' को हो?

(A) स्वतन्त्रता सेनानी दलबहादुर गिरी

(B) कवि जीवन थिङ

(C) कवि अगमसिंह गिरी

(D) कवि विकास गोतामे

**21.** अभिकथन (i) : मिथकहरू सत्य मात्र होइन आदरणीय र पवित्र पनि हुन्छन्।

तर्क (ii) : मिथक भनेका धार्मिक प्रथाका व्याख्या हुन्।

(A) (i) र (ii) दुवै भुल हुन्

(B) (i) र (ii) दुवै सही हुन्

(C) (i) सही हो, (ii) भुल हो

(D) (i) भुल हो, (ii) सही हो

**22.** खस जाति र भाषाका अनुसन्धाताहरूले यस भाषाको प्रकृति कस्तो रहेको उल्लेख गरेका छन्?

(A) हलन्तबहुला

(B) ऐकारबहुला

(C) नासिक्यबहुला

(D) समासबहुला

**23.** भ्लादिमिर प्रपको प्रकार्यवादले कुन प्रकार्यको चर्चा गर्दछ?

(A) कथाको आधारभूत सन्दर्भ

(B) कथाको आधारभूत संरचना

(C) कथाको आधारभूत निष्पादन

(D) कथाको मूलभूत अर्थ

**24.** शोधकार्यलाई पूर्वाग्रहमुक्त राख्न के गर्नुपर्छ?

(i) शोध-समस्याको समाधान अघिबाटै स्पष्ट राख्नुपर्छ।

(ii) जानीबुझीकन कुनै कुरा ढाकछोप गर्नु वा खुलस्त पार्नु हुँदैन।

(iii) गुणात्मक र परिमाणात्मक शोधविधिको प्रयोग गर्नुपर्दछ।

(iv) त्यस विषयमा अरूले गरेका कार्यको पटक पटक अध्ययन गर्नुपर्छ।

(A) (i), (ii)

(B) (iii), (iv)

(C) (ii)

(D) (iii)

**25.** रामकथामा आधारित नेपाली गद्याख्यान कृति कुन हो?

(A) हरिश्चन्द्र विलाप

(B) राजधर्म

(C) गीतगोविन्द भाषा

(D) रत्नदन्त्यकथाहा

**26.** 'काव्यशास्त्र', 'साहित्यशास्त्र', 'साहित्य विधा' आदिको अर्को पर्याय कुन हो?

(A) निरुक्त

(B) क्रियाकल्प

(C) छत्रिन्याय

(D) भाष्य

**27.** ''सबैभन्दा पहिलो शृङ्गारिक कविता पतञ्जलि गजुर्‍यालको 'चौरपञ्चाशिका' संस्कृत काव्यकै अनुवाद हो।''

—माथिको मन्तव्य कुन समालोचकको हो?

(A) बाबुराम आचार्य

(B) कृष्णचन्द्रसिंह प्रधान

(C) ताना सर्मा

(D) रत्नध्वज जोशी

**28.** कुन उपन्यास विष्णुचरण श्रेष्ठको हो?

(A) भीष्म प्रतिज्ञा

(B) चप्पाकाजी

(C) रजबन्धकी

(D) रूपमती

**29.** समालोचक ईश्वर बरालले ''कुनै उस्तो साहित्यिक आढ्यता किंवा वैशिष्ट्य'' नभएको भनेर इङ्गित गरेका कवि को हुन्?

(A) वसन्त शर्मा

(B) गुमानी पन्त

(C) सुन्दरानन्द बाँडा

(D) दैवज्ञकेशरी अर्ज्याल

**30.** 'बुइँगल'-मा सङ्ग्रहित 'ब्रह्मज्ञान' शीर्षक कविताका कवि को हुन्?

(A) अखडदिलदास

(B) अगमदिलदास

(C) शशिधर

(D) प्रेमराज पौडेल

**31.** 'संस्कृतबाटै हिन्दी इत्यादिसित नमिल्ने किसिमले शब्द निर्माण गर्ने' उपाय ग्रहण गर्ने भाषिक आन्दोलन कुन हो?

(A) झर्रोवाद

(B) व्याकरण संशोधन अभियान

(C) जयतुसंस्कृतम् आन्दोलन

(D) जनजिब्रो लेखन

**32.** 'मेरो हलन्त बहिष्कार गद्यका निमतिको मात्र हो।'
– यसो भन्ने को हुन्?

(A) लेखनाथ पौडेल

(B) राममणि आ दी

(C) रामप्रसाद सत्याल

(D) सदाशिव अधिकारी

**33.** प्रयोगवादी नेपाली कविता धाराका प्रतिनिधि कवि मोहन कोइराला अर्को कुन काव्यिक आन्दोलनमा समेत सक्रिय रूपमा सम्मिलित थिए?

(A) जनआन्दोलन कविता

(B) भोककविता आन्दोलन

(C) अस्वीकृत जमात

(D) सडक कविता क्रान्ति

**34.** 'साहित्यमा भूव्याप्तिवाद, सार्वभौम मानववाद, सम्पूर्ण जीवनवाद, निर्बन्धतावाद' जस्ता सिद्धान्त प्रयोग गर्ने साहित्यिक आन्दोलन कुन हो?

(A) लीला लेखन

(B) चौथो आयाम

(C) खेत कविता

(D) भावक अभियान

**35.** शुकबहत्तरी, सिंहासन बत्तिसी, सुखार्णव आदि लोककथाहरू कुन स्रोतबाट नेपालीमा भित्रिएका हुन्?

(A) संस्कृत परम्परा

(B) फारसी परम्परा

(C) अरबी परम्परा

(D) पुर्तगाली परम्परा

**36.** ''सारा सुन्यौँ, पात हावासित उडी गए
नङ वृक्ष बनाए रे काजीलाई; अलिकति
मात्रै तिलङ्गा बाँकी छन् भन्ने पनि उहीँ
सुन्यौँ ! धन्दा नमान्नोस्, काजी, हामी छौँ।''

—माथिको संवाद 'अमरसिंह' नाटकमा कसले बोलेको हो?

(A) सिपाही

(B) पहिलो गाइने

(C) दोस्रो गाइने

(D) दूत

**37.** पूर्वी नेपालको पहाडी क्षेत्रका विधवा नारीहरूले सँगिनीको भाकामा गाउने धनसिरीको कथामा दाजु धनसिरी घर आई नपुग्नाको रहस्य के हो?

(A) गाई–गोठालो भएर अन्यत्र गएको

(B) भैँसी–गोठालो भएर अन्यत्र गएको

(C) भेँडी–गोठालो भएर अन्यत्र गएको

(D) रणमा परेर मरेको

**38.** 'तिलङ्गा'–को शब्दिक अर्थ के हो?

(A) ढुङ्गाको गारो।

(B) दुर्गको शीर्षभागमा फहराइने ध्वज।

(C) युद्धमा लड्दा चाहिने अस्त्र–शस्त्र।

(D) युद्ध लड्ने सिपाही।

**39.** 'तर त्यो तिमी नै हौला भन्ने
मेरो यौवन भरिको सपना थियो।'
—यस कवितांशमा 'तिमी' केको सङ्केतक हो?

(A) प्रतीक्षित क्रान्ति

(B) जननायक

(C) वर्णित हुरी

(D) परिवर्तन ल्याउने जादुको लट्ठी

**40.** नेपाली कविता साहित्यको विकासक्रममा 'स्वच्छन्दतावादी–प्रगतिवादी' प्रवृत्तिप्रधान कालखण्डको विवेचना गर्ने समालोचक को हुन्?

(A) वासुदेव त्रिपाठी

(B) ईश्वर बराल

(C) अभी सुवेदी

(D) दयाराम श्रेष्ठ

**41.** सन् 1960 को दशकपछि नेपाली कवितामा देखापरेका प्रवृत्तिलाई 'विसङ्गत एवम् विशृङ्खल लेखन', 'अपरम्परागत', 'निराशावादी', 'निस्सारतावादी' मान्दै 'नयाँ कविता' भन्ने संज्ञा कस्तो कविता लेखनलाई दिइएको हो?

(A) प्रगतिवादी लेखन

(B) आयामेली लेखन

(C) प्रयोगवादी लेखन

(D) उत्तर आधुनिकतावादी लेखन

**42.** पूर्वीय काव्यशास्त्रमा कस्तै हलचल हुँदा पनि नहडबडाउने नायकको गुणलाई कुन संज्ञा दिइएको छ?

(A) गाम्भीर्य

(B) औदार्य

(C) माधुर्य

(D) धैर्य

**43.** शृङ्गार रस प्रधान काव्यमा एउटै नायिकासित दृढ प्रणय सम्बन्धमा रहिरहने नायकलाई कुन संज्ञा प्राप्त छ?

(A) दक्षिण

(B) अनुकूल

(C) शठ

(D) धृष्ट

**44.** कतिपय पुराना नेपाली गन्थहरूमा अन्तिम अध्यायको अन्त्यमा समापन जनाउन कतै फुलबुट्टा बनाउने, कतै 'इति समाप्त' लेख्ने अथवा एउटा वाक्य वा अनुच्छेद नै लेख्ने चलन रहेको पाइन्छ। त्यस्ता चिह्न वा वाक्यलाई के भनिन्छ?

(A) उपक्षेपक

(B) अन्तक

(C) पुष्पिका

(D) समापिका

**45.** प्राचीनकालमा कुनै राजा, सामन्त वा अन्य व्यक्तिले कुनै पारमार्थिक अथवा लौकिक अनुष्ठान वा पूजा–सङकल्पको अन्तमा गरेको वाचालाई चिरकालीन र बहु–प्रसारी बनाउने हेतुले लिपिबद्ध गरेको घोषणालाई के भनिन्छ?

(A) अभिज्ञप्ति

(B) अभिलेख

(C) इकरारनामा

(D) प्रतिज्ञप्ति

**46.** तलकामध्ये कुन समूहको कथन सही छ?

(i) रीतिवादका प्रथमाचार्य वामन होइनन्।

(ii) वक्रोक्तिवादका प्रणेता कुन्तक हुन्।

(iii) ध्वनिवादमा स्फोटको अवलम्बन आवश्यक हुन्छ।

(iv) 'अलङकारसर्वस्व' का ग्रन्थकार रुय्यक हुन्।

(A) (i), (iii), (iv)

(B) (ii), (iii), (iv)

(C) (i), (ii) (iii)

(D) (i), (ii), (iv)

**47.** 'काव्यादर्श' का रचनाकार को हुन्?

(A) मेधाविरुद्र

(B) महाकवि भट्टि

(C) माघ

(D) दण्डी

**48.** 'फोकलोर' अर्थात् लोकवार्ता शब्दको प्रथम प्रयोग कसले गरे?

(A) ग्रीम दाजु-भाइ

(B) विलियम जोहन् थोम्स

(C) कार्ल क्रोह्न

(D) एन्टी अमातुस आर्ने

**49.** तलका रसको आलम्बन विभाव चिह्नित गर्नुहोस्:

| | |
|---|---|
| (a) शृङ्गार | (i) शत्रु |
| (b) रौद्र | (ii) विदूषक |
| (c) वीभत्स | (iii) नायक वा नायिका |
| (d) हास्य | (iv) दुर्गन्धित वस्तु |

*कूट :*

| | (a) | (b) | (c) | (d) |
|---|---|---|---|---|
| (A) | (iii) | (iv) | (i) | (ii) |
| (B) | (iii) | (i) | (iv) | (ii) |
| (C) | (ii) | (iii) | (iv) | (i) |
| (D) | (iv) | (i) | (ii) | (iii) |

**50.** ''घीउफल, असेलु, भद्राक्ष, चुचे आँप, बनकेरा बुंगा, क्यामुनो।
लाप्चेफल, इन्द्रेणी, भकम्लो काफल्छ, लप्सि, कटुस, ज्यामुनो।।
खन्यु, नेभारो, चुरुम्फा, चर्चरे, सिन्कौली गुल्फा।
ओखर, अमला, बडहर, चिउरी छ तरुल र भ्यागुर गिठा।।''
यस पद्यका रचयिता को हुन्?

(A) पं दिलूसिंह राई

(B) दिलबहादुर सरदार

(C) मोतिराम भट्ट

(D) मित्रसेन थापा

**51.** 'अत्यन्त अद्‌भुत यात्राविवरण तथा प्रणय-प्रसङ्गले भरिएको विशाल समुद्र' कुन कृतिलाई भनिएको छ?

(A) पञ्चतन्त्र

(B) बृहत्कथा

(C) जातककथा

(D) कथासरित्सागर

**52.** भाण्डिका > हाँडी, बधिर > बहिरो आदिमा देखिने ध्वनि परिवर्तनको प्रक्रियालाई के भनिन्छ?

(A) वर्णविपर्यय

(B) महाप्राणीभवन

(C) हकारीभवन

(D) ध्वनिलोप

**53.** संस्कृत साहित्यमा 'प्रकीर्णक काव्य' को रूपमा व्याकरणलाई लक्ष्य गरेर धेरै काव्य लेख्ने कवि को हुन्?

(A) भट्टि

(B) श्रीहर्ष

(C) माघ

(D) कुमारदास

**54.** बृहत्तर संरचना भएको कथानकमा अन्तर्पाठात्मक सम्बन्धको सञ्चालबारे अध्ययन कस्तो समालोचनाले गर्दछ?

(A) शैलीवैज्ञानिक

(B) संरचनावादी

(C) नवहतिहासवादी

(D) मार्क्सवादी

**55.** 'चारैतिर मानिस छिरिनसक्नुको मदेरो, नल, झेउवा, खगडो, इकडा, बयरघारी र कँसघारी। यसैको माझमा छन् यी नेपालीहरूका गाउँ र छपडी।'

—माथिको विवरण कुन उपन्यासमा पाइन्छ?

(A) बसाइँ

(B) उज्यालो हुनअघि

(C) ब्रह्मपुत्रको छेउछाउ

(D) टिस्टादेखि सतलजसम्म

**56.** कल्पना सिद्धान्तको प्रतिपादन कसले गरेका हुन्?

(A) बेनेदित्तो क्रोचे

(B) एफ आर लेविस

(C) विलियम इम्पसन

(D) आई ए रिचर्ड्स

**57.** बिसौँ शताब्दीमा स्थापित भई दर्शनशास्त्र र साहित्यमा प्रभावकारी रहेको अस्तित्ववादी विचारधाराका प्रमुख प्रणेताहरू को को हुन्?

(A) फ्रेडरिख एङ्गल्स, बर्तोल्त ब्रेख्त, युजिन आयनेस्को

(B) मार्टिन हाइडेगर, जर्ज विल्हेल्म फ्रेडरिख हेगेल, आर्थर सोपेनआवर

(C) एज्रा पाउन्ड, स्टिफन मलार्मे, पल भ्यालरी

(D) फ्रान्ज काफ्का, रेनर मारिया रिल्के, डब्ल्यु बी यिट्स

**58.** गोचर संस्कृतिका अङ्ग कुन कुन हुन्?

(A) रीति-थिति, विश्वास, परम्परा

(B) स्मारक, मन्दिर, वेष-भूषा

(C) लोक-चिकित्सा, लोक सङ्गीत, चौतारो

(D) काव्य, उखान-टुक्का, देवस्थल

**59.** ''केही समालोचकहरूले मलाई रोमान्टिक अङ्ग्रेजी काव्यबाट उत्प्रेरित भन्ने संज्ञा दिए.... तापनि, मेरा पिँढीका व्यक्तिहरूमध्ये म सबभन्दा अङ्ग्रेजी जान्ने कहलिन्छु — अद्यावधि टिकिरहेको यो यस्तो प्रवञ्चना हो जसले गर्दा म पानी-पानी हुन्छु।''

— यो कसको स्वीकारोक्ति हो?

(A) बालकृष्ण सम

(B) रामकृष्ण शर्मा

(C) लक्ष्मीप्रसाद देवकोटा

(D) यदुनाथ खनाल

**60.** अभिलेखीय नेपाली शब्दहरूको अर्थ लेखी प्रकाशन गर्ने कार्यको थालनी गर्ने व्यक्ति को हुन्?

(A) योगी नरहरिनाथ

(B) बालकृष्ण पोखरेल

(C) पूर्णप्रकाश नेपाल 'यात्री'

(D) मोहनप्रसाद खनाल

**61.** ''डोटी राम्डो डँडेलधुरा अछाम राम्डो साँप्या

मान्छे राम्डो मन मिल्याको पन्छी राम्डो डाँफ्या।''

— यो लोकगीत 'गीत' शीर्षकमा कुन पुस्तकमा सर्वप्रथम प्रकाशित भयो?

(A) प्राथमिक कालीन कवि र काव्यप्रवृत्ति।

(B) वीरकालीन कविता

(C) बुइँगल

(D) पुराना कवि र कविता

**62.** सन् 1880 को दशकदेखि विकसित हुँदै आएको पर्यावरणीय समालोचना फाँटको प्रारम्भिक उल्लेखनीय पुस्तक 'टिचिङ एनवायरोन्मेन्टल लिटरेचर: मेटेरियल्स, मेथड्स एन्ड रिसोर्सेस' का सम्पादक को हुन्?

(A) हेरोल्ड फ्रोम

(B) फ्रेडरिख ओ वार्ग

(C) सारा म्याकफरल्यान्ड

(D) लरेन्स बुएल

**63.** सूचना वा जानकारी केलाई भनिन्छ?

(A) असंस्कारित वा काँचो तथ्याङ्क

(B) संस्कारित तथ्याङ्क

(C) निविष्ट (इनपुट) तथ्याङ्क

(D) सङ्गठित तथ्याङ्क

**64.** नेपाली विद्वान्हरूमध्ये त्रैभाषिक व्याकरण लेख्न प्रयास गर्ने प्रथम वैयाकरण को हुन्?

(A) जयपृथ्वीबहादुर सिंह

(B) मोतीराम भट्ट

(C) वीरेन्द्रकेसरी अर्ज्याल

(D) अमृतानन्द बाँडा

**65.** 'जगदम्बा नेपाली साहित्यको बृहत् हतिहास' को पहिलो ठेलीका प्रधान सम्पादक को हुन्?

(A) माधवप्रसाद पोखरेल

(B) चूडामणि बन्धु

(C) दयाराम श्रेष्ठ

(D) कमल दीक्षित

**66.** ''गयो खान्या बेला मकन त मिल्यो राज्य वनको
भरत्ले राज् पाया यहीँ बसि गरून् राज्य जनको।''
— यस श्लोकमा रहेका मूल क्रियापद कुन कुन पक्षमा छन्?

(A) सबै सामान्य भूतमा

(B) सबै पूर्ण भूतमा

(C) दुईवटा पुर्ण भूतमा र अरू सामान्य अभूतमा

(D) एउटा सामान्य अभूत पक्षमा र अरू पूर्ण भूत पक्षमा

**67.** अभिलेखकालीन 'बाजपरीक्षा', 'खण्ड खाद्यक', 'ज्वरोत्पत्ति चिकित्सा', 'अजीर्ण मञ्जरी' जस्ता लेखोटहरूको मुख्य विषयवस्तु कुन भाषामा लेखिएको छ?

(A) सिँजाली

(B) पर्वते

(C) जुम्ली

(D) डोटेली

**68.** 'सिन्ड्रेला', र 'स्नो ह्वाइट' जस्ता लोककथाका सङ्कलक को हुन्?

(A) एन्टी आर्ने

(B) सी एस बर्न

(C) जर्ज गोमे

(D) याकोब एवम् विल्हेल्म ग्रिम।

**69.** नेपाली भाषाका निम्ति कसले कुन नाउँ प्रयोग गरे?

| | |
|---|---|
| (a) लोक भाषा | (i) जे ए एटन |
| (b) राज भाषा | (ii) कर्कप्याट्रिक |
| (c) पर्वती | (iii) शक्तिवल्लभ अर्ज्याल |
| (d) नेपाली भाषा | (iv) विद्यापति |

| | (a) | (b) | (c) | (d) |
|---|---|---|---|---|
| (A) | (iv) | (i) | (ii) | (iii) |
| (B) | (iii) | (iv) | (ii) | (i) |
| (C) | (ii) | (iii) | (iv) | (i) |
| (D) | (iv) | (i) | (iii) | (ii) |

**70.** ''म खाऊँ मै लाऊँ सुख सयल वा मोज म गरूँ
म बाँचूँ मै नाचूँ अरू सब मरुन् दुर्बलहरू''
—'तरुण–तपसी' को यस श्लोकमा कुन भावका क्रियापदको प्रयोग पाइन्छ?

(A) सङ्केतार्थक भाव

(B) आज्ञार्थक भाव

(C) इच्छार्थक भाव

(D) सम्भावनार्थक भाव

**71.** ''बरैको छाया पिपल्को छाया हँगैको के छाया
कान्छीको जिउलाई नजरले देखे घरैको के माया।
पन्द्र है दिनको औँसि र पुर्ने रिखि र तर्पनि
हजुरलाई देख्ता यो बोली सुन्दा बिर्सन्छु घर पनि।।''

—'बुइँगल' मा सङ्ग्रहित उपर्युक्त गीतका सङ्कलक वा रचनाकार को हुन्?

(A) हाजिरमान राई
(B) मित्रसेन थापा
(C) बहादुरसिंह बराल
(D) आर एन प्रधान

**72.** बालकृष्ण पोखरेलका मतानुसार काठमाडौँमा बोलिने नेपाली कुन भाषिकावर्गमा पर्दछ?

(A) पुर्वेली
(B) केन्द्रीय
(C) ओरपश्चिमा
(D) मझपश्चिमा

**73.** चौधवटा अध्याय वा परिच्छेदहरूमा विभाजित अनि तेह्रजना लेखकहरूका सहलेखनमा लेखिएको नेपाली उपन्यास कुन हो?

(A) देहमुक्त
(B) अवतार विघटन
(C) आकाश विभाजित छ
(D) ज्यागा

**74.** तलका कृति र तिनका कृतिकारको सही अनुक्रम मिलाएर चिह्नित गर्नुहोस्:

(a) साङ्लीभित्र बाँधिएका घोडाका टापहरू — (i) ईश्वरवल्लभ
(b) सीमानमाथि चढेर सुनाएका अग्ला-होचा कथाहरू — (ii) नोर्ज्याङ स्याङदेन
(c) आगोका फुलहरू हुन्, आगोका फुलहरू होइनन् — (iii) केदार गुरुङ
(d) कविताजस्तै कविताहरू — (iv) जीवन थिङ

| | (a) | (b) | (c) | (d) |
|---|---|---|---|---|
| (A) | (iv) | (iii) | (i) | (ii) |
| (B) | (ii) | (i) | (iv) | (iii) |
| (C) | (iv) | (i) | (ii) | (iii) |
| (D) | (iii) | (iv) | (i) | (ii) |

**75.** नेपाली भाषाको वर्णमालालाई 'पर्वती अल्फाबेट' भनी वर्गीकरण कसले गरेका थिए?

(A) ग्रियसन
(B) हजसन
(C) कर्कप्याट्रिक
(D) क्याम्बेल

**76.** भारोपेली भाषाहरूको पारिवारिक वर्गीकरण गर्ने क्रममा नेपाली भाषालाई 'इन्डोजर्मनिक' को इन्डिक वर्गमा पारी भारतीय आर्यभाषाहरूमध्ये कुमाउनी र गढवाली भेदमा राख्ने भाषावैज्ञानिक को हुन्?

(A) केलग
(B) जोन बिम्स
(C) हर्न्ले
(D) ड्यानियल राइट

**77.** ''आमालाई माया मात्र गरेर पनि भएन। दुई छाक खाने बन्दोबस्त पनि मिलाइदिनुपर्छ, बस्ने घर, लाउनलाई लुगाफाटा पनि। सके तीर्थहरू डुलाउन पनि लैजाऔँ।''

— यस्तो विचार कुन लेखकले कुन सन्दर्भमा व्यक्त गरेका हुन्?

(A) शिखरनाथ सुवेदीले माता-पिताप्रति छोराछोरीको कर्त्तव्यको ज्ञानका सन्दर्भमा।
(B) रूद्रराज पाण्डेको 'रूपमती' उपन्यासमा हविलालले रविलाललाई आमाप्रति छोराको कर्त्तव्य बुझाउन खोज्दा।
(C) बालकृष्ण समले मातृभूमिको महत्त्वबारे चर्चाका सन्दर्भमा।
(D) इन्द्रबहादुर राईले मातृभाषाको सेवाका सन्दर्भमा।

**78.** 'बृहत्कथा' को नेपाली वाचन 'बृहत्कथाश्लोकसङ्ग्रह' तयार पार्ने लेखक को हुन्?

(A) शिवदास
(B) सोमदेव
(C) बुधस्वामी
(D) धर्मदास

**79.** ''कविता शाश्वत र चिर–नवीन हुन्छ, तर परिवर्तनले त्यसको रूपलाई जहिले पनि छुन्छ। लेखनाथसम्म प्राच्यको परम्परामा नेपाली काव्य हुर्क्यो, त्यसपछिको काव्य–इतिहासमा पाश्चात्य साहित्यको प्रभाव पनि एउटा दिगो तत्त्व भएर बस्छ।''

—कविताका विषयमा गरिएको यो टिप्पणी कुन समालोचकको हो?

(A) गुमानसिंह चामलिङ
(B) कृष्ण गौतम
(C) कुमार प्रधान
(D) अभि सुवेदी

**80.** ''हरिको मनमा धेरै प्रश्नहरू आए, शङ्काको बादल पनि आयो अनि फेरि हरायो। त्यो तरुनी को रहिछ, बिस्तार–बिस्तार हरिले ठम्याउँदै झ्याल खोल्यो।''

—यस आख्यानांशमा उल्लेख गरिएको हरि कुन कृतिको पात्र हो?

(A) आज रमिता छ
(B) अनुराधा
(C) माइतघर
(D) लगन

**81.** नेपाली कारकीय व्यवस्थाको अध्ययन विषयमा शोधकार्य पूर्ण गरी विद्यावारिधि उपाधि हासिल गर्ने व्यक्ति को हुन्?

(A) चूडामणि बन्धु
(B) वल्लभमणि दाहाल
(C) हेमाङ्गराज अधिकारी
(D) बालकृष्ण पोखरेल

**82.** अभिकथन (अ) : 'अवतार' र 'विस्तार' शब्दमा रहेको 'तार' आधार शब्द हो भने 'अव' र 'बिस' चाहिँ शब्दांश हुन्।

तर्क (ब) : शब्दसँग लागेर नयाँ शब्द निर्माण गर्ने एकाइलाई शब्दांश भनिन्छ अनि शब्दांश जससँग जोडिन्छ त्यसलाई चाहिँ आधार शब्द भनिन्छ।

(A) (अ) सही हो, (ब) भुल हो।
(B) (अ) भुल हो, (ब) सही हो र यो (अ) को सही व्याख्या पनि हो।
(C) (अ) र (ब) दुवै सही हुन्।
(D) (अ) र (ब) दुवै सही हुन्, तर (ब), (अ) को सही व्याख्या होइन।

**83.** 'प्रवञ्चना' शब्दको अर्थ के हो?

(A) बाँच्ने उपाय
(B) छल–कपट
(C) विडम्बना
(D) धुर्त्याइँ

**84.** ''इन्द्रशेखर छ अद्‌भुत प्राणी ! समाज शेखर मान्दैन। तर फेरि समाजका माझमा बसेर अरू दसजनाका जीवनलाई भिन्न–भिन्न प्रकारले प्रभाव पार्छ।''

—'भ्रमर' उपन्यासभित्र इन्द्रशेखरका विषयमा यस्तो टिप्पणी गर्ने पात्र कुन हो?

(A) मोहनविक्रम
(B) तुलसी बाजे
(C) कथक
(D) माया

**85.** कुन व्याकरण 'ग्रन्थको' भूमिकामा बालकृष्ण समले 'व्याकरणको ऐतिहासिक उपन्यासजस्तो' भनी टिप्पणी गरेका छन्?

(A) गोपाल पाँडेको 'रचनाकेसर'
(B) वीरेन्द्रकेसरी अर्ज्यालको 'बेसरी'
(C) पहलमानसिंह स्वाँरको 'लघुव्याकरण'
(D) पुष्कर शम्शेरको 'सजिलो नेपाली व्याकरण'

**86.** ''बरैको छाया पिपल्‌को छाया हाँगैको के छाया
कान्छीको जिउलाई नजरले देखे घरैको के माया।
पन्द्र है दिनको औँसि र पुर्ने रिखि र तर्पनि
हजुरलाई देख्ता यो बोली सुन्दा विर्सन्छु घर पनि।।''

उपर्युक्त गीतको लोकछन्द कुन हो?

(A) दोहा
(B) सिलोक
(C) झ्याउरे
(D) सवाई

**87.** ''सामन्ती समाजमा सीमान्तीकृत भएका भाषाहरूका जिउँदा अवशेषहरू भाषिका हुन्''

— भाषिका सम्बन्धी यो कसले गरेको परिभाषा हो?

(A) डेविड क्रिस्टल

(B) मिखाइल बाख्तिन

(C) भिक्टर झिर्मुन्सकी

(D) आर ए हड्सन

**88.** 'जहाँ जो भेट्टायो, प्रणयसित खायो फलफुल
चुचो बायो, गायो, मधुर सुरमा तृप्ति-गजल।
अहो! यस्तो राम्रो विहग-कुलको चाल-चलन
शिकोस् ता यो लोभी मनुज किन हुन्थ्यो र पतन।।'

—लेखनाथ पौड्यालको यस पद्यमा कुन अलङ्कार परेको छ?

(A) संसृष्टि

(B) उत्प्रेक्षा

(C) स्वभावोक्ति

(D) अर्थान्तरन्यास

**89.** यीमध्ये कुनचाहिँ रेखाचित्रात्मक विवरण मानिँदैन?

(A) पाई चार्ट

(B) तालिका

(C) बार चार्ट

(D) आयतचित्र (Histogram)

**90.** फारसी कवि उमर खैयामका 'रुवाइयत' बाट प्रेरित र प्रभावित भई स्वच्छन्दतावादी काव्यधारा अवलम्बन गरी लेखिएको लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्य कुन हो?

(A) मनोरञ्जन

(B) तिप्लिङ्गी

(C) आनन्दशतक

(D) वैराग्यलहरी

**91.** ''जीवन तारतम्य मिलाएर व्यवस्थितिसँग राखेको दृश्यहरूको पङ्क्ति होइन। अव्यस्थित जीवनको उपन्यास...''

— उपन्यासमा जीवनको चित्रणबारे चर्चाक्रममा यस्तो विचार प्रकट गर्ने उपन्यासकार को हुन्?

(A) विजय मल्ल

(B) इन्द्रबहादुर राई

(C) भर्जिनिया उल्फ

(D) जेम्स ज्वायस

**92.** शब्दको पहिलो अक्षर सर्वत्र ह्रस्व, पूर्ण शब्दको बिचको अक्षर सर्वत्र ह्रस्व, पूर्ण शब्दको पछाडिको अक्षर सर्वत्र दीर्घ र एक्लो पूर्ण शब्दको अक्षर दीर्घ लेख्ने; 'श' 'ष' र 'स' मध्ये 'श' र 'ष' लाई प्रयोगबाट विदा दिने; 'ऋ' र 'ऋ' लाई प्रयोगबाट विदा दिने; संस्कृत प्रत्यय जोडेर नेपाली शब्दको अगिल्लो भागमा विकृति नल्याउने जस्ता मान्यताका प्रथम प्रस्तावक को हुन्?

(A) बालकृष्ण पोखरेल

(B) हर्षनाथ शर्मा

(C) रामराज पन्त

(D) शिवराज शर्मा

**93.** नेपाली व्याकरण लेखन परम्परामा व्याकरणशास्त्र-अन्तर्गत इतिवृत्तशास्त्र प्रवेश गराउने वैयाकरण र तिनको पुस्तक चिह्नित गर्नुहोस्:

| | |
|---|---|
| (a) ऋषभदेव शास्त्री | (i) व्याकरण कुसुम |
| (b) जे ए एटन | (ii) नेपाली व्याकरणको दन्त्य कथा |
| (c) पारसमणि प्रधान | (iii) जिम्दो नेपाली भासा |
| (d) कृष्णप्रसाद पराजुली | (iv) ललित व्याकरण |

(A) (a) : (ii)

(B) (b) : (i)

(C) (c) : (iv)

(D) (d) : (iii)

**94.** अभिकथन (अ) : हावा, पानी, रुख, पात — यी मौलिक वर्गका शब्द हुन्।

तर्क (ब) : रूढिअनुसार बनेका शब्दलाई मौलिक शब्द भनिन्छ।

(A) (अ) र (ब) दुवै सही हुन् तर (ब) (अ) को सटीक परिभाषा होइन।

(B) (अ) भुल हो, (ब) सही हो।

(C) (अ) र (ब) दुवै भुल हुन्।

(D) (अ) र (ब) दुवै सही हुन्।

**95.** 'भात खानु आफ्नो, कुरा गर्नु अर्काको, भन्ने आहान कुन उपन्यासमा चरितार्थ भएको पाइन्छ?

(A) ब्रह्मपुत्रको छेउछाउ

(B) भ्रमर

(C) रूपमती

(D) माइतघर

**96.** ''गयो खान्या बेला मकन त मिल्यो राज्य वनको
भरत्ले राज् पाया यहीँ बसि गरून् राज्य जनको।।''

—'रामायण' को यस श्लोकमा मूल क्रियापद कतिवटा छन्?

(A) तीनवटा

(B) चारवटा

(C) पाँचवटा

(D) छवटा

**97.** आधुनिक आर्य भाषाको अहिलेसम्म पाइएको सबैभन्दा पुरानो नमुना दसौँ शताब्दीको चन्द वरदाइको 'पृथ्वीराज राउस' हो भनी किटान कसले गरेका थिए?

(A) राल्फ लिले टर्नर

(B) जोन बिम्स

(C) ब्राइट हुटन होजसन

(D) जर्ज अब्राहम ग्रियर्सन

**98.** तलकामध्ये अमिल्दा शब्द चिन्हित गर्नुहोस्:

(A) कागत, हिसाब, जवाफ

(B) हावा, दावा, तलब

(C) गमला, सामा, कमिज

(D) असुल, ओजन, सही

**99.** तलका कृति र तिनका कृतिकारका सही क्रम मिलाएर चिह्नित गर्नुहोस्।

| *कृति* | *कृतिकार* |
|---|---|
| (a) कागतीको सिरप | (i) पारसमणि प्रधान |
| (b) काठे झाँक्री | (ii) रामलाल अधिकारी |
| (c) अलौटा र ठेट्ना | (iii) ताना शर्मा |
| (d) पाताल प्रवास | (iv) कमल दीक्षित |

| | (a) | (b) | (c) | (d) |
|---|---|---|---|---|
| (A) | (ii) | (iv) | (i) | (iii) |
| (B) | (iii) | (i) | (iv) | (ii) |
| (C) | (iv) | (i) | (ii) | (iii) |
| (D) | (iv) | (iii) | (i) | (ii) |

**100.** 'नेपाली भाषाका हजार वर्ष' पुस्तकका प्रणेता को हुन्?

(A) बालकृष्ण पोखरेल

(B) बालचन्द्र शर्मा

(C) मोहनप्रसाद खनाल

(D) योगी नरहरिनाथ

**ROUGH WORK**